प्रदेश सरकार

वन वातावरण तथा भू संरक्षण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय

पर्वत, कुश्मा

गण्डकी प्रदेश, नेपाल

o/c

प.सं.२०७८/०७९
च.नं. ०३५

मिति २०७८/१२/२४

विषय :- वार्षिक कार्यक्रमको सूचना प्रकाशन सम्वन्धमा ।

श्री जिल्ला समन्वय समिती, पर्वत
श्री कुश्मा न.पा./ फलेवास न.पा.
श्री मोदी गा.पा./जलजला गा.पा./महाशिला गा.पा./पैयुं गा.पा./विहादी गा.पा.
श्री जिल्ला प्रशासन कार्यालय, पर्वत
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, पर्वत ।
श्री सव-डिभिजन वन कार्यालय
कालिगण्डकी/शिवालय/मोदी/फलेवास/महाशिला/त्रिवेणी, पर्वत ।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०७८/०७९ को कार्यक्रमहरु व्यक्ति/समुह/संघ/संस्था मार्फत सञ्चालन गरिने भएको हुँदा सूचनामा उल्लेखित आधारहरु पुरा गरेका ईच्छुक व्यक्ति/समुह/संघ/संस्थाले सम्वन्धित सव-डिभिजन वन कार्यालयहरुको सिफारिस सहित प्रस्तावना पेश गर्ने सम्वन्धी यस कार्यालयवाट पुनः प्रकाशित विस्तृत सूचनाको एक (१) प्रति यसै पत्रसाथ संलग्न छ । उक्त सूचना तहाँ कार्यालयको सुचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी पठाईदिन हुन हुन अनुरोध छ ।

२०७८/१२/२४

विष्णु प्रसाद अधिकारी
निमित्त डिभिजनल वन अधिकृत

निमित्त डिभिजनल वन अधिकृत

Scanned with CamScanner

निमित्त डिभिजनल वन अधिकृत

प्रदेश सरकार

## वन वातावरण तथा भु संरक्षण मन्त्रालय

## वन निर्देशनालय

# डिभिजन वन कार्यालय

पर्वत, कुश्मा

गण्डकी प्रदेश, नेपाल

मिति २०७८।१२।२४

प.सं.२०७८/०७९

च.नं.

**विषय : आ.व. २०७८/०७९ को वार्षिक कार्यक्रम सम्बन्धि पुन प्रकाशित विस्तृत सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०७८/०७९ को तपसिल वमोजिमको कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समुह, कवुलियती वन उपभोक्ता समुह, संघ/संस्था/सहकारी तथा निजी व्यक्तिहरु मार्फत सञ्चालन गर्नु पर्ने भएकोले मिति २०७८।०८।१८ गते २१ दिने सुचना प्रकाशित गरिएको तर माग बमोजिम निवेदन नपरेको हुँदा तपसिलको वमोजिमका कार्यक्रम सञ्चालन गर्न ईच्छुक व्यक्ति/समुह/संघ/संस्था तथा सहकारीले तपसिलका कागजातहरु संलग्न राखी सम्वन्धित सव-डिभिजन वन कार्यालयहरुको सिफारिस सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा कार्यक्रमको आर्थिक तथा प्राविधिक प्रस्तावना सहितको आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशित गरीएको छ। तपसिल वमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा गण्डकी प्रदेश सरकारद्धारा जारी **वन क्षेत्रको कार्यक्रम कार्यान्वयन मापदण्ड २०७८** ,पर्वत जिल्लाको आ.व. २०७८।०७९ को दररेट तथा संघीय वन तथा वातावरण मन्त्रालयबाट जारी **प्रदेशहरुवाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधी २०७८** वमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ। यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालय तथा सम्वन्धित सव-डिभिजन वन कार्यालयहरुमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं | कार्यक्रम/क्रियाकलापको नाम | ईकाइ | वार्षिक लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु.लाखमा | |
| १ | एक सामुदायिक वन एक पोखरी निर्माण | पटक | १० | १० | प्रदेश |
| २ | सामुदायिक वनमा वनजन्य फलफूल रोपण | पटक | १ | २.५ | प्रदेश |
| ३ | वृक्षरोपण चौतारा निर्माण तथा मर्मत तथा सौन्दर्यकरण | पटक | १० | २ | प्रदेश |
| | **जम्मा बजेट** | | | १४.५ | |

**संलग्न राख्नुपर्ने कागजातहरु**

१. उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक व्यक्ति/समुह/संघ/संस्था तथा सहकारीले निर्णयको प्रतिलिपी, कार्यक्रमको संक्षिप्त आर्थिक तथा व्यवसायीक प्रस्तावनाका साथ निवेदन, संस्था दर्ता प्रमाणपत्र, नविकरण प्रमाण पत्र र अन्य कर तिरेको पत्रहरु समावेश गरी सम्वन्धित सव-डिभिजन वन कार्यालयको राय सहितको सिफारिश पत्र ।

२. कार्यक्रम सञ्चालन सम्वन्धि सम्वन्धित व्यक्ति/समुह/संघ/संस्था तथा सहकारीले प्रस्ताव (परिचय, के, कहाँ, कहिले, किन,कसरी तथा अनुमानित वजेट, लाभान्वित जनसंख्या, अपेक्षित प्रतिफल आदि ) पेश गर्नुपर्ने ।

३. स्थलगत अनुगमन गर्दा सम्भाव्यता बोकेको क्षेत्र, साझेदारी गर्न ईच्छुक व्यक्ति, वन उपभोक्ता समुह तथा संस्था भएको हुनुपर्ने र विगत आ.व.मा उक्त कार्यक्रम प्राप्त नगरेका व्यक्ति तथा वन समुहलाई प्राथमिकता प्रदान गरिने छ ।

***नोट : उपरोक्त सम्पूर्ण कार्यक्रमहरु संचालन गरिने समुहहरु अतिक्रमण नभएको, वन फँडानीमा संलग्न नरहेको, सक्रिय जनसहभागिता भएको, साझेदारी रुपमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक रहेको र कुनै एक प्रजातीको व्यावसायिकरणमा जोड दिने समुह हुनु पर्नेछ ।***

Phone/Fax no : 067420135 Email : parbatdfo@gmail.com Website : www.dfoparbat.gov.np

Scanned with CamScanner